प्रदेश सरकार
लुम्विनी प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
**सामाजिक विकास डिभिजन कार्यालय**
प्युठान

विषय प्रश्तावना माग गरिएको सूचना

प्रथमपटक प्रकाशित मिति २०७७।९।६

प्रस्तुत विषयमा यस कार्यालयको आ व ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस कार्यलयको कार्यक्षेत्र भित्र पर्ने प्युठान र रोल्पा जिल्लामा संचालन गरिने तपसीलका कार्यक्रमहरु देहायको क्षेत्रमा कार्यरत संघसंस्थाहरुमार्फत संचालन गराउनु पर्ने भएकोले इच्छुक तालिम प्रदायक व्यक्ति फर्म संस्था वा कम्पनिहरुले तपसीलका योग्यता र शर्त पुरा भएका संघसंस्थाहरुलाइ प्रस्तावित ढांचामा प्रथमपटक प्रकाशित मितिले ३०(तिस)दिन भित्र कार्यालय समयमा तोकिएको रीतपूर्वकको फाराम भरी सिलबन्दी प्रश्ताव दर्ता गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। र अन्तिम दिनमा विदा परेमा सो को भोलिपल्ट दिनको १२.०० बजेभित्र प्रस्ताव दर्ता गर्न सकिनेछ। आर्थिक र प्राविधिक प्रस्तावको विस्तृत सुचना शर्त एवम प्रस्ताव फाराम कार्यालयको सुचना पाटीमा र वेभसाइट www.sddopyuthan.p5.gov.np मा हेर्न सकिनेछ ।

प्रश्तावना पेश गरिने क्षेत्रहरु

| प्रश्तावना नं | प्रश्तावनाको माग क्षेत्र | विनियोजित रकम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सि. वि. आर. कार्यक्रम संचालनको लागि सि. वि. आर. संस्था अनुदान कार्यक्रम (प्रतिजिल्ला एक संस्था) | २/२ लाख | प्युठान/रोल्पा | |
| २ | वृदाश्रमलाइ पुंजिगत अनुदान (भवन निर्माण) | २ लाख | प्युठान | |
| ३ | लैगिक हिसां/घरेलु हिंसा प्रभावित महिलाहरुका लागि जिल्ला स्तरीय सेवाकेन्दं सञ्चालन अनुदान(प्रति जिल्ला एक संस्था) | ५/५ लाख | प्युठान /रोल्पा | |
| ४ | बालमन्दिर वाल संरक्षण गृह वाल कल्याण गृहको पुर्वाधार निर्माण फर्निचर तथा मर्मत सुधार (सरकारी संरचना) | १२ लाख | प्युठान/रोल्पा | |



२०७७।९।६
विष्णुप्रसाद भूसाल
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
प्युठान

शर्तहरु

१ आवेदक संस्था नियमानुसार दर्ता भै सामाजिक विकास डिभिजन कार्यालय प्युठानमा सूचिकृत भएको प्रमाण पेश गर्नु पर्ने छ ।

२ लुम्बिनी प्रदेशको प्युठान र रोल्पा कार्यक्षेत्र भएका संघसंस्थाहरुले सम्वन्धित जिल्लाको कार्यक्रमको मात्र प्रशतावना पेश गर्न पाइने छ ।

३ प्रशतावना माग गरिएको विषयसंग संस्थाको विधानमा उक्त कार्य गर्ने उद्देश्य रहेको र कार्यक्षेत्र मिलेको हुनुपर्ने छ ।

४ प्रशतावना पेश गर्दा सूचना प्रकाशन भएको मितिले ३० तिसौं दिनको कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म)सिलवन्दि गरी रु १० को टिकट टांसी यस कार्यालयमा पेश गर्नुपर्ने छ।

५ प्रशतावना छनौट तथा प्रशतावना सम्वन्धि कार्य मन्त्रालयको संघसंस्थालाइ दिइने अनुदान सम्वन्धि कार्यविधि २०७५ लाइ समेत आधार लिन सकिने छ।

६ प्रशतावना माग गर्दा प्रशतावना नम्वर भित्र र वाहिर खाममा समेत उल्ले गर्नुपर्ने छ ।

७ प्रशतावना छनौट भएका संस्थाहरुले सम्भझौता बमोजिम काम गर्नु पर्ने छ ।

८ म्याद नाघी आएका तथा रित नपुगेका प्रशतावनाहरु मान्य हुने छैनन्।

९ सामान्यतया एक संस्थाले एक कार्यक्रम एक जिल्लामा मात्र गर्न पाउने छ ।

१०आवेदन दिने संघसंस्थाले सस्था हाल संचालनमा रहेको
स्थान (वडा नं र टोलसमेत)खुलेको सम्वन्धित वडाको सिफारिश पत्र पेश गर्नुपर्ने छ ।

११ माथि उल्लेख हुन छुट भएका कुनै विषयहरु वा बाझिएका कुनै कुराहरु यस कार्यालयको निर्णायानुसार हुनेछ ।

१२ अन्य कुरा वुझ्नुपरेमा कार्यालय समय भित्र ०८६-४६०१४३मा सम्पर्क गर्न सकिने छ ।

विष्णुप्रसाद भूसाल
कार्यालय प्रमुख